# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, असोज १४ गते, २०७२ साल (अतिरिक्ताङ्क १५घ

# भाग २

नेपाल सरकार

## कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७२ सालको ऐन नं. १०

## भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "भूमि सम्बन्धी (छैठौं संशोधन) ऐन, २०७२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **भूमि सम्बन्धी ऐन, २०२१ को दफा ९ मा संशोधन:** भूमि सम्बन्धी ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ९ को,-

(१) उपदफा (४) मा रहेका "तोकिएको अधिकारीको आदेशले त्यस्तो जग्गा जफत भै नेपाल सरकार लाग्नेछ।" भन्ने शब्दहरुको सट्टा "तोकिएको अधिकारीको आदेश बमोजिम

त्यस्तो जग्गा जफत भई सो जग्गा नेपाल सरकारको स्वामित्वमा आउनेछ।" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (६)को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (४) बमोजिम तोकिएको अधिकारीबाट जग्गा जफत हुने गरी भएको निर्णय अन्तिम भएमा तोकिएको अधिकारीले जफत भएको जग्गाको तोकिएको दरले हुन आउने मोलको पच्चीस प्रतिशत बराबरको रकम पुरस्कार बापत सो उपदफा बमोजिम जानकारी दिने व्यक्तिलाई दिनेछ ।"

३. <u>मूल ऐनको दफा १३ मा संशोधनः</u> मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेको "सबै" भन्ने शब्दको सट्टा "अधिकतम हदभन्दा बढी जग्गा हुने" भन्ने शब्दहरु राखी उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) झिकिएको छ।

४. <u>मूल ऐनमा दफा १४क. थपः</u> मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"**१४क.** <u>उजुर गर्न सक्नेः</u> (१) यस ऐन बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद भन्दा बढी जग्गा भएको कुनै व्यक्ति वा परिवारले दफा १३ बमोजिम फाँटवारी पेश गर्दा जग्गा लुकाई फाँटवारी पेश गरेको जानकारी पाउने कुनैपनि व्यक्तिले तोकिएको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा मनासिब ठहरेमा तोकिएको अधिकारीको

आदेशले त्यस्तो जग्गा जफत भई नेपाल सरकारको स्वामित्वमा आउनेछ ।

(३) उपदफा (२) बमोजिम जफत भएको जग्गाको तोकिएको दरले हुन आउने मोलको २५ प्रतिशत बराबरको रकम त्यस्तो उजुरी गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले पुरस्कार बापत दिनेछ।"

५. <u>मूल ऐनको दफा १५ मा संशोधन:</u> मूल ऐनको दफा १५ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) पछि थप्ने भनिएको खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छ:-

"(क१) अधिकतम हदभन्दा बढीको जग्गामा मोही लागेको भए मोहीको हक जतिको जग्गा नरमगरम मिलाइ छुट्याई बाँकी जग्गा नेपाल सरकारको स्वामित्वमा आउनेछ ।"

६. <u>मूल ऐनको दफा १८ मा संशोधन:</u> मूल ऐनको दफा १८ को उपदफा (२) मा रहेका "रु.१,०००।—एक हजारसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "रु.५०,०००।-पचास हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन्।

७. <u>मूल ऐनको दफा २६घ१. मा संशोधन:</u> मूल ऐनको दफा २६घ१. मा रहेका "यो दफा प्रारम्भ भएको मितिले छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अवधिभित्र" भन्ने शब्दहरु राखिएका छन्।

८. <u>मूल ऐनको दफा २६घ३. मा संशोधन:</u> मूल ऐनको दफा २६घ३. मा रहेका "यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना

प्रकाशन गरी तोकिदिएको अवधिभित्र" भन्ने शब्दहरु राखिएका छन्।

९. <u>मुल ऐनमा दफा २६घ४. थप</u>: मुल ऐनको दफा २६घ३. पछि देहायको दफा २६घ४. थपिएको छः-

"२६घ४. <u>टोली खटाउन सक्ने</u>: (१) दफा २६घ२. बमोजिम जग्गाधनी र मोहीबीच छिटो छरितो रुपमा जग्गा बाँडफाँड गर्नको लागि तोकिएको अधिकारीले ठोस कार्ययोजना बनाई कार्य सम्पादन गर्नु पर्नेछ र सो कार्य सम्पन्न गर्ने प्रयोजनको निमित्त आवश्यकता अनुसार आफ्नो जिल्लाभित्रको कुनै ठाउँमा टोली खटाई कार्य सम्पादन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको टोलीले जग्गा बाँडफाँड गर्ने सम्बन्धमा अपनाउनु पर्ने यस ऐनमा लेखिएदेखि बाहेक अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।"

१०. <u>मुल ऐनको दफा ५१ङ. मा संशोधन</u> : मुल ऐनको दफा ५१ङ को सट्टा देहायको दफा ५१ङ. राखिएको छः-

"५१ङ. <u>भूमिको वर्गीकरण तथा भु-उपयोग कार्यक्रमको सञ्चालन</u> : (१) नेपाल सरकारले भूमिको समुचित उपयोगको लागि भूमिलाई देहाय बमोजिम वर्गीकरण गर्नेछः-

(क) कृषि क्षेत्र
(ख) आवासीय क्षेत्र
(ग) व्यावसायिक क्षेत्र
(घ) औद्योगिक क्षेत्र

(ङ) खानी तथा खनिज क्षेत्र

(च) निर्माण सामाग्री (ढुंगा, बालुवा, गिट्टी) उत्खनन् क्षेत्र

(छ) सौँस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र

(ज) नदीनाला र ताल तलैया क्षेत्र

(झ) वन क्षेत्र

(ञ) सार्वजनिक उपयोग (खुला तथा अन्य) क्षेत्र

(ट) जोखिम क्षेत्र

(ठ) तोकिए बमोजिमका अन्य क्षेत्र ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम भूमिको वर्गीकरण सार्वजनिक हित तथा भूमिको भौगर्भिक बनोट, प्रकृति, क्षमता र मौजुदा प्रयोगको अवस्थाको आधारमा गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जग्गा वर्गीकरण गरिसकेपछि तोकिएको अधिकारीले कुन जग्गा कस्तो वर्गीकरण अन्तर्गत परेको हो सो को सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) सम्बन्धित निकायले नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रही भू-उपयोग कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।"

११. <u>मूल ऐनको दफा ५१च. मा संशोधनः</u> मूल ऐनको दफा ५१च. को,– (१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) भू-उपयोग सम्बन्धी नीतिलाई कार्यान्वन गर्ने सम्बन्धी काममा समन्वय गर्नका लागि देहाय बमोजिमका

अध्यक्ष तथा सदस्यहरु रहेको भू-उपयोग परिषद् गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले तोकेको व्यक्ति | - अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (भूमिसुधार तथा व्यवस्था मन्त्रालय हेर्ने) | - सदस्य |
| (ग) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, उद्योग मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, उर्जा मन्त्रालय | - सदस्य |
| (च) | सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, कृषि विकास मन्त्रालय | - सदस्य |
| (ज) | सचिव,गृह मन्त्रालय | - सदस्य |
| (झ) | सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - सदस्य |
| (ञ) | सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| (ट) | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | - सदस्य |
| (ठ) | सचिव,विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय | - सदस्य |
| (ड) | सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | - सदस्य |
| (ढ) | सचिव, शहरी विकास मन्त्रालय | - सदस्य |
| (ण) | सचिव, सिंचाई मन्त्रालय | - सदस्य |
| (त) | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| (थ) | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - सदस्य |

(द) भू-उपयोग सम्बन्धी विशेषज्ञहरुमध्ये नेपाल सरकारबाट मनोनीत कम्तीमा एकजना महिला सहित तीन जना - सदस्य

(ध) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) र (द) बमोजिम तोकिएको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ:

"(६) परिषद्का अध्यक्ष र सदस्यहरुको सेवा र शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१२. <u>मूल ऐनको दफा ५१छ. मा संशोधन</u> : मूल ऐनको दफा ५१छ. को सट्टा देहायको दफा ५१छ. राखिएको छ:-

"५१छ. <u>अन्य उपयोगमा लगाउन नहुने</u> : (१) यस ऐन बमोजिम एउटा प्रयोजनको लागि बर्गीकरण गरिएको जग्गा तोकिएको समितिले दिएको प्राविधिक प्रतिवेदन र भू-उपयोग परिषद्को सिफारिस समेतको आधारमा नेपाल सरकारको स्वीकृति बिना अर्को प्रयोजनको लागि उपयोगमा लगाउन पाइने छैन ।"

(२) उपदफा (१) बमोजिम प्राविधिक प्रतिवेदन दिने प्रयोजनका लागि माटोविद, कानूनविद, भू-गर्भविद, कृषिविद, भू-उपयोग योजनाविद, वातावरणविद, शहरी

योजनाविद्, वन विशेषज्ञ, समाजशास्त्री, नापीविद् समेत भएको समिति गठन गरिनेछ ।

१३. <u>मूल ऐनको दफा ५१ट. मा संशोधनः</u> मूल ऐनको दफा ५१ट. मा रहेका "दश हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरूको सट्टा "एक लाख रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।

प्रमाणीकरण मितिः २०७२/६/१४

**आज्ञाले,**
**भेषराज शर्मा**
**नेपाल सरकारको सचिव**